दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## नदिजन्य पदार्थको विक्रिका लागि शिलवन्दी बोलपत्र/दरभाउपत्र आव्हान सम्वन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति:२०७९/०९/२६**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क र यस दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०७९ को दफा १२ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटवाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी प्रदेश कानुनले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका शर्तको अधिनमा रही बोलपत्र/दरभाउ पत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आन्तरिक आय ठेक्का विवरण**

| सूचना नं./ बोलपत्र नं. | बोलपत्र/दरभाउपत्रको नाम | उत्खनन् परिणाम (घन फिटमा) | आ.व.२०७९/८० को नदिजन्य पदार्थ विक्रि शूल्क दर(घन फिटमा) | आ.व.२०७९/८० न्यूनतम बोलपत्र/दरभाउपत्र रकम ( सेवाशुल्क र मू.अ. कर बाहेक) | वोलपत्र/दरभाउ पत्र दस्तुर रु |
|---|---|---|---|---|---|
| ०३/DRM/NCB/०७९/०८० | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने तुईसोता दोभानमा ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल आदि(स्वीकृत खानी क्षेत्र बाहेक) | ३३७५२९/७ | रु. ८/- | २७,००,२३७/७ | रु.३००० |
| ०४/DRM/NCB/०७९/०८० | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने बबइ र चिराघाटको दोभानमा ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल आदि(स्वीकृत खानी क्षेत्र बाहेक) | ८१६९१७/२ | रु. ८/- | ६५,३५,३३७/६ | रु.३००० |
| ०५/DRM/NCB/०७९/०८० | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने सिमठाना बबइघाट क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल आदि(स्वीकृत खानी क्षेत्र बाहेक) | ८०८८७१/५ | रु. ८/- | ६४,७०,९७२/२ | रु.३००० |
| ०९/DRM/SQ/०७९/०८० | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने थपगाउँ क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल आदि(स्वीकृत खानी क्षेत्र बाहेक) | २४७०१६/० | रु. ८/- | १९,७६,१२८/- | रु.१००० |
| १०/DRM/SQ/०७९/०८० | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने माया दोभान क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल आदि(स्वीकृत खानी क्षेत्र बाहेक) | १५९२१९/४ | रु. ८/- | १२,७३,७५५/२ | रु.१००० |

**ठेक्का सम्बन्धि शर्तहरुः**

1. माथि उल्लेखित ठेक्काहरुको लागि रु.१०००/३०००।( फिर्ता नहुने गरी ) दरभाउपत्र /बोलपत्र फारम खरिद गरी पेश गर्नु पर्नेछ ।
2. ठेक्का अवधि सामान्यतया आ.व.२०७९/८० को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परीमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईने छैन ।
3. IEE प्रतिवेदनले निषेध गरेको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ
4. सम्झौता गर्दा माथी उल्लेखित सबै ठेक्काहरुमा कबोल अंङ्कको थप मुल्य अभिवृद्दी कर (१३%) ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

अमर बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

5. धरौटी वापत कबोल गरेको अंकको ५% रकम यस दंगीशरण गाउँपालिका दाङको कुमारी बैंक लिमिटेड दंगीशरण शाखा स्थित बैंक ग-३ धरौटी खाता नं. २५२०२४७०५२००००००३ मा नगद दाखिला गरेको सक्कल भौचर वा दाखिला गर्ने अन्तिम मितिबाट ७५/१२० दिनसम्म म्याद भएको बैंक जमानत (विड बिन्डको सक्कल प्रति) दरभाउपत्र /बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्ता समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।
6. दरभाउपत्र /बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नेपाल कमर्श एण्ड क्रेडिट बैंक लिमिटेड दंगीशरण शाखा स्थित आन्तरिक राजश्व खाता नं २५२०२४७०५२००००००१० मा दाखिला गर्नुपर्नेछ ।
7. कारण जनाई वा नजनाई दरभाउपत्र /बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
8. दरभाउपत्र /बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको दरभाउपत्र /बोलपत्र उपर कुनै कारबाही गरीनेछैन।
9. ठेक्कामा कुनै विवाद भएमा दंगीशरण गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
10. उपरोक्त दरभाउपत्रको लागि ८ औं दिन सम्म दंगीशरण गाउँपालिकाको कार्यालयमा खरिद गरि ९औं दिन दिनको १२:०० बजे सम्म दर्ता भएका दरभाउपत्र सोही दिन दिनको २:०० बजे दंगीशरण गाउँपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्रको लागि १५ औं दिन सम्म दंगीशरण गाउँपालिकाको कार्यालयमा खरिद गरि १६ औं दिन दिनको १२:०० बजे सम्म दर्ता भएका बोलपत्र सोही दिन दिनको २:०० बजे दंगीशरण गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।
11. दरभाउपत्र /बोलपत्र फारामहरु खरिद गर्ने,दाखिला गर्ने,खोल्नेदिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा ततर कार्यहरु गरिनेछ ।
12. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र /बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।
13. यस सूचना तथा दरभाउपत्र /बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका दरभाउपत्र /बोलपत्र हरु मुल्याङ्कनमा समावेश गरिने छैन ।
14. यस सूचना प्रकाशित गरेपछि लुम्बिनी प्रदेश सरकारबाट दररेटमा कुनै फेरबदल गरेको खण्डमा कबोल अंकमा पनि सोही अनुसार समायोजन हुनेछ।
15. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अमर बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हैकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल